# विषय-प्रवेश

**डा. मीना आचार्य र सरीता श्रेष्ठ**

मानव जीवन धान्नका लागि विभिन्न काम गर्नुपर्ने हुन्छ, जस्तो- खेतीपाती, पशुपालन, वनजङ्गलबाट उपलब्ध वस्तुको सङ्कलन, कच्चा वस्तुको प्रशोधन गरी उपयोगयोग्य बनाउनु, हिँड्न-डुल्नकालागि बाटोघाटो बनाउनु, अन्य यातायात-साधन बनाउनु, बजारमा आय आर्जनकालागि पढाउने, स्वास्थ्य सेवा, शिशु-स्याहार र अन्य घरायसी काम गर्नुआदि । यस्ता कामको अन्तर्राष्ट्रिय लेखा प्रणालीमा लेखाजोखा हुने गरेको छ ।

तर मानवसमाजको पुनर्उत्पादन रजीवनसफलताका साथ निरन्तर चल्नकासस लागिपारिश्रमिकबिनाको घरायसी कामको र स्याहार-सुसारको पनि गहन भूमिका रहने गर्दछ । यस्ता गतिविधि मानवजीवनका प्राथमिक आवश्यकता हुन् । घरायसी गतिविधि भन्नाले घरको सम्पूर्ण कार्य, जस्तो- खाना बनाउने, खुवाउने, भाँडा तथा घर सफा गर्ने, लुगा धुने, बच्चा पढाउने,विद्यालय पुऱ्याउने, पानीको व्यवस्था, बिरामी तथा बृद्ध-बृद्धाको सेवा-शुश्रूषा गर्नुका साथै बच्चा जन्माउने, दूध खुवाउने र उनीहरूको लालनपालनगर्ने आदिपर्दछन् । यस्ता कार्यहरू परिवार र समाजको उन्नतिका लागि नभई नहुने अत्यन्त महत्वपूर्ण कार्य हुन् । यस्ता कार्यले परिवार, समाज तथा राज्यको सर्वतोमुखी विकासमा अत्यन्त महत्वपूर्ण भूमिका खेल्दछन् ।तर ती कामहरूलाई .अन्तर्राष्ट्रिय तथा राष्ट्रिय लेखा प्रणालीले समेट्ने गरेका छैनन् । यी अदृश्य छन् र यस्ता कामका लागि लैङ्गिक कामको बाँडफाँडको आधारमासम्पूर्णतया जिम्मेवारी बोकेका महिलाको भूमिका पनि अर्थशास्त्र, समाज र राज्यको तहमा अदृश्य नै रहेको छ ।

विश्वका अन्य मुलुकहरूमा जस्तै नेपाली समाजमा पनि लैङ्गिकताका आधारमा महिला र पुरुषबीचअसमान तथा विभेदात्मक कार्यविभाजन रहँदै आएको छ । विश्वभरिनै परम्परादेखि घर-व्यवहार व्यवस्थापनको जिम्मेवारी मुख्यतया महिलाको र बाह्य जिम्मेवारी,जस्तो- राज्य निर्माण र राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा सहभागिताको जिम्मेवारी, पुरुषको भन्ने मान्यता रहेको छ । महिला र

बालिकाहरू आफ्नो सबैभन्दा बढी समय अर्थशास्त्रले नचिन्ने र तथ्याङ्कले नदेखाउने अदृश्य, घरायसी गतिविधिमा व्यतीत गर्नबाध्य छन् भन्ने कुरा विभिन्न अध्ययन, अनुसन्धान र अनुभवले देखाउँदै आएका छन् ।विश्वमा प्रत्यक्ष पारिश्रमिक नपाउने कुल पारिश्रमिकबिनाको सेवामूलक काममध्ये ७५ प्रतिशतभन्दा बढी योगदानमहिला र बालिकाहरूको रहेको देखिन्छ(अनपेड केयर वर्क, सन् २०१६)।

२०५८ सालको नेपालको जनगणनाअनुसार पनि पूर्ण रूपमा घरायसी काममा सीमित जनसङ्ख्यामध्ये ९५ प्रतिशत महिला तथा बालिका थिए भने २०६८ कोजनगणनाले यस्ता महिलाको सङ्ख्या १० प्रतिशतले मात्र घटेको देखाएको छ ।जसरी महिलाको यस्ता काममा संलग्नता अत्यधिक रहेको छ, त्यहीं रूपमा पुरुषको संलग्नतामा पनि वृद्धि हुनुपर्ने हो तर भएको छैन ।सन् १९७५ देखि सन् १९८०का बीचमा डा. मीना आचार्य र टिमले गरेको एउटा बृहत् अध्ययननेपाली महिलाकोमर्यादास्तर[1] देखि अहिलेसम्म गरिएका साना ठूला अध्ययनहरूबाट यस्तै सूचना प्राप्त भएका छन् ।

पारिश्रमिकबिनाको सेवामूलक काममा आफ्नो बढी समय लगाउनुपर्ने भएकोले गर्दा विश्वका बहुसंख्यक महिलाहरू शिक्षा, स्वास्थ्य, धनसम्पत्ति, प्रत्यक्ष आयआर्जन सबै क्षेत्रमा पुरुषभन्दा कमजोर हुनुका साथै कतिपय महिला चरम गरिबीमा फस्दछन् ।नेपाली महिलाको स्थिति पनि त्यस्तै रहेको तथ्य सर्वविदितै छ ।

महिलाको समय विनियोजनमा घरायसी काम र सेवा-शुश्रूषाको पहिलो दावीलाई बेवास्ता गरेर बनाइएका विकास, महिलासहभागिता, सशक्तीकरण, शिक्षा, स्वास्थ सबैजसो कार्यक्रमहरूमा थोरैमात्र उपलब्धि हुनसकेको छ (आचार्य, सन् २०१४) । राज्य शिक्षामा भएको लैङ्गिक असमानतालाई निर्मूलगर्न अथवाविभिन्न क्षेत्रमा भएका लगानीबाट अधिकतम लाभ उठाउन पनि असफल रहेको छ । यसको एउटा मूल कारण महिला उत्पादनशीलताको पहिचान र योगदानको कदर नहुनु र उनीहरूका लागिकार्यक्रम बनाउँदा उनीहरूको समय विनियोजनमा ध्यान नपुग्नु

[1] यसै पुस्तकका अन्य अध्यायहरू हेर्नुहोस् ।

हो । पारिश्रमिकबिनाको सेवामूलक कामको भारले गर्दा उपलब्ध भएका अवसरहरूबाट पनि महिलाले फाइदा लिन नसकेको अवस्थाछ ।

यदि महिला र बालिकाले घरायसी गतिविधिमा पूर्ण समय नदिने होभने परिवारका अन्य सदस्यहरू बजारमा देखिनेकाम गर्ने, शैक्षिक दक्षता बढाउने, आर्थिक तथा राजनीतिक गतिविधिमा संलग्न हुने अवसरबाटपनि वञ्चितै रहन सक्तछन् । महिलाहरूले गर्ने सबै घरायसी गतिविधिहरूले परिवारमा हुने खर्चलाई बचत मात्र गर्दैनन्, अन्य आयको समेत सिर्जना गर्दछन् । तर महिलाको यस्तो महत्वपूर्ण आर्थिक योगदानलाई सधैँ बेवास्ता गरिन्छ र उनीहरूको योगदान अदृश्यरहन्छ ।

महिलाहरूमा कामको दोहोरो-तेहरो बोझका कारण उनीहरू आफ्नै विकास तथा सशक्तीकरण प्रक्रियामा भाग लिन पनि समय निकाल्न नसक्ने हुन्छन् । अत्यधिक काम र समय अभावका कारण उनीहरूआफ्नो शिक्षा पूरा गर्न नसक्ने, सहभागिताको आफ्नो नैसर्गिक अधिकार प्रयोग गर्न नसक्ने र स्वास्थ्यको संरक्षणका लागि समेत अवसरको उपयोग गर्न नसक्ने भएका हुन्छन् भने आफ्नो सम्पूर्ण विकासका संम्भावनाहरूबाट समेतवंञ्चित हुन्छन् । त्यस्तै गरेर राज्य तथा अन्य संघ-सस्थाले प्रदान गर्ने क्षमता अभिवृद्धिका तालिम तथा प्रशिक्षणलगायत विकासका कार्यमा समेत सहभागी हुन समय निकाल्न पाउँदैनन् । बढी आर्थिक उपार्जनका अवसरहरूबाट पनि वञ्चित रहन्छन् भने राजनीतिमा  पनि पछि पर्छन् ।

यति मात्र होइन, उनीहरूले गरेका अत्यन्त महत्वपूर्ण कामहरू आर्थिक रूपले अनुत्पादकमा दरिन गएका कारणले बजारमा समेत उनीहरूको श्रमकोअवमूल्यन गरिन्छ । आफ्नै नाममा कुनै प्रत्यक्ष आम्दानी गर्न नसक्ने भएकाले उनीहरूले जतिसुकै महत्वपूर्ण काम गरे पनि समाजमा सधैँ पुरुषप्रति आर्थिक रूपमा निर्भर नै गनिन्छन् । यसै कारणले गर्दा उनीहरूमाथि विभिन्न किसिमका शारीरिक तथा मानसिक हिंसा हुने गरेको छ र उनीहरूआफैँले आफूलाई निरीह प्राणीको दर्जामा राख्न बाध्य छन् । त्यसमा पनि आधुनिक यातायातका साधनहरूले नछोएका र

ग्रामीण क्षेत्र तथा विभेदित जात, जाति रवर्गका कतिपय महिलाहरू यस्तै कार्यका बोझले पनि चरम गरिबीको रेखामुनि धकेलिएका छन् ।

यसरी विश्वभरि नै महिलाको चौतर्फी सशक्तीकरणमा उनीहरूमाथि बाध्यात्मक रूपमा थोपरिएको पितृसत्तावादीलैङ्गिक कार्य विभाजननैबाधक हो भन्ने तथ्यमा नारीवादीहरूको एक मत रहेको छ । नेपालमा पनि सन् १९९५ देखि २०१५ भित्र महिलाहरूको प्रगतिको समीक्षा गर्दै युएन विमेनको सहयोगमा सहभागी,दिदीबहिनी र फेडो संस्थाले सन् २०१५ मा निकालेको प्रतिवेदनले (सहभागी र अन्य, सन् २०१५) घरायसी र अवैतनिक सेवामूलक कामको भारले सबै क्षेत्रमा महिलाको प्रगतिमा बाधा सिर्जना गरेको छ भन्ने निष्कर्ष निकालेको र राज्यले त्यसको मापन, न्यूनीकरण र पुनर्वितरणका लागि विभिन्न नीति र कार्यक्रम अपनाउनुपर्ने सुझाव दिएको छ ।

विश्वको बद्लिँदो परिस्थितिसँगै महिलाहरू घरभित्रको सीमित घेराबाट आफ्नो अन्तर्निहितयोग्यता र कार्यकुशलतालाई प्रमाणित गर्न विस्तारै बाहिरको औपचारिक जिम्मेवारीमा प्रवेश गर्न थालेका छन् । उनीहरूको समाज र राज्यप्रतिको उत्तरदायित्वमा पनि परिवर्तन भइरहेको छ । साथै,केहीमहिलाहरूलेसामाजिक तथा आर्थिक स्वतन्त्रताको अनुभव पनि गर्न थालेका छन् । विभिन्न समयमा विभिन्न संघ-सस्था तथा राज्यले महिला सशक्तीकरणका लागि प्रयासहरू गर्दै आएका छन् । विकासका हरेक खुड्किलामा महिलाको समान तथा अर्थपूर्ण सहभागिता हुनुपर्दछ भनेर जोडतोडका साथ हामी आवाज उठाइरहेका छौँ जसको फलस्वरूप आजदिगो विकासको एजेन्डा ‘विश्वको रूपान्तरण’ र दिगो विकासको लक्ष्य हासिल गर्नका लागि विकासका हरेक क्षेत्रमा महिलाको महत्वपूर्ण भूमिका र अर्थपूर्ण सहभागिता हुनुपर्छभन्ने निष्कर्षमा विश्व समुदायपुगेको छ । त्यसैअनुसार विभिन्न देशहरूले लैङ्गिक समानता, महिला र बालिकाको सशक्तीकरणलक्ष्य र उद्देश्यसहित कार्यक्रम लागू गर्न थालेका छन् ।

तर यही अनुपातमा घरायसी काममा पुरुष,राज्य, र समुदायको सहभागितामा वृद्धि हुन नसकेको विभिन्न अध्ययन-अनुसन्धानले देखाएका छन्।[2] यसले गर्दा महिलाहरूमा घरभित्र र बाहिरको कामको दोहोरो-तेहरो बोझ पर्नगएको छ । महिलाको समयलाई जति ताने पनि तन्किने भनेर बुझिने गरेको जस्तो छ । यसको नकारात्मक असरमहिलामा अत्यधिक र अन्तत्वगत्वा सम्पूर्ण विकास प्रक्रियामा नै परेको हुन्छ ।

अर्कोतर्फ महिलाको पारिश्रमिकबिनाको सेवा कार्यको मुद्दालाई केवल महिलाकोमात्र मुद्दाका रूपमा हेरिने गरेको र महिलावादी आन्दोलनले पनि यस मुद्दालाई गहकिलो रूपले उठाउन नसकेको अवस्था छ । यो महत्वपूर्ण मुद्दा छलफलको दायराबाटनै ओझेलमा पर्दै आएको छ । अतः यस विषयलाई कसरी राष्ट्रिय मुद्दाका रूपमा उठाउने र राजनीतिक विषयकारूपमा औंल्याउने भन्ने उत्तरदायित्व हामी सबै अधिकारकर्मी, योजनाविद्,राजनीतिज्ञर सरोकारवालाहरूको हो । यसमा एकमत हुन जरुरी छ । जुन देश परिवार-मैत्री नीति र नियमको स्थापना गर्न सफल छन्, त्यस्ता देशमा परिवारमा लैङ्गिक समानता हुनुका साथै महिलाको आर्थिक संलग्नता वृद्धि भएको हामी देख्न सक्छौं।

महिलाको सर्वतोमुखी प्रगतिमा पारिश्रमिकबिनाको सेवाको अहम् भूमिका भएकोले यस विषयलाई महिला विकासका अभियन्ता र विभिन्न महिलावादी अध्ययनहरूले सत्तरीको दशकदेखि नै,र खास गरेर सन् १९८५ को संयुक्त राष्ट्रसंघको नैरोबी महिला सम्मेलनदेखिनै, औंल्याउँदै आएपनि यस विषयले सन् १९९५ को बेइजिङ सम्मेलनसम्म पनि यथोचित प्राथमिकता पाएको थिएन ।

असी र नब्बेको दशकमा राष्ट्रियआय र जनगणना सङ्कलनका तथ्याङ्क प्रणालीमा लैङ्गिक दृष्टिबाटअन्तर्राष्ट्रियस्तरमै केही परिभाषागत सकारात्मक परिवर्तन आए पनि (आचार्य, सन् २०१४) । महिलाका एकलौटी जिम्मेवारीमा पारिएका घरायसी सेवामूलक कामले भने अर्थशात्रीहरूको उचित ध्यान आकर्षण गर्नसकेन ।

[2]यस्ता तथ्यहरूका लागि यसै पुस्तकका अन्य अध्यायहरू हेर्नुहोस् ।

सन् १९९५ मा बेइजिङ घोषणाले पारिश्रमिकबिनाको सेवामूलक काम अथवा अवैतनिक सेवा नै लैङ्गिक असमानताको प्रमुख कारकको रूपमा पहिचान गर्‍यो । तर त्यसपछिका २० वर्षमा पनि महिलाका सम्पूर्ण कामहरूको पहिचान र योगदानको अवमूल्यनको समस्या यथावत् रहेको छ ।अहिले पनि विभिन्न अध्ययन-अनुसन्धानले महिलाको आर्थिक र राजनीतिक प्रगतिमा घरायसी कामको दायित्वलाई नै सबैभन्दा ठुलो तगारोका रूपमा औँल्याएका छन् । त्यसैले अहिलेको नारीवादी आन्दोलनकोएउटा मुख्य मुद्दा, अवैतनिक सेवामूलककामको पहिचान, न्यूनीकरण र पुनर्वितरण  कसरी गराउने भन्ने हो । घरायसी गतिविधिमा पुरुष, समुदाय र राज्यकोसहभागिता कसरी बढाउनेभन्ने हो ।

अन्तर्राष्ट्रियस्तरमै दिगो विकासका लक्ष्य र उद्देश्यको हासिलीका लागि महिलाले प्रत्येकघरमा गर्नैपर्ने अन्य सदस्यहरूको स्याहार-सुसार र घरायसी कामलाई मापन गर्नुपर्ने, यसलाई तथ्याङ्कगत र सामाजिकपहिचान दिनुपर्ने, यसको भार घटाउन र पुनर्वितरण र न्यूनीकरणकाप्रभावकारी नीतिहरूअपनाउनुपर्ने भन्ने सुझावहरू स्पष्ट रूपमा आएका छन् (सस्टेनेबल डिभलपमेन्ट गोल्स, युनाइटेड नेसन्स)। नेपाल सरकारलेपनि यस निष्कर्षको समर्थन गर्दै आफ्नो देशका लागिदिगोविकास योजना बनाएको छ (एनपिसी, सन् २०१७) ।

## नेपालमायस मुद्दालाई उठाउन र सम्बोधन गर्न भएका प्रयासहरू एवम् आजको आवश्यकता

माथि उल्लेख भैसकेको छ,नेपालमा यस मुद्दालाई सर्वप्रथम आचार्य, बेनेट र टिमले १९७७-१९८० मा गरेको नेपालमा महिलाहरूको मर्यादास्तर (आचार्य र बेनेट, सन् १९८१) भन्ने अध्ययनले उठाएको हो । अध्ययनमा मानवले आफ्नो परिवारको र समुदाय तथा समाजको पुनर्उत्पादनका लागि गर्ने सबैकामलाई तीन समूहमा विभाजित गरी तिनको मापन र मूल्याङ्कन गर्नुपर्ने धारणा राखेको थियो । कामको विभाजन निम्नअनुसार थियो : (१) अन्तर्राष्ट्रिय रूपमा आर्थिक भनेर गनिने र नेपालमा पनि सोहीबमोजिम राष्ट्रिय लेखा प्रणालीले समेटेका  काम, (२) परिभाषागत रूपमा राष्ट्रिय लेखा प्रणालीले समेट्नुपर्ने तर नेपालको राष्ट्रिय आय

गणनाको पद्धतिमा नपरेका काम, र (३) अन्तर्राष्ट्रिय परिभाषामा नै नपरेका तर परिवारको जीविकोपार्जनमा महत्वपूर्ण योगदान दिने सामान्यतया पहिचान नपाएका पारिश्रमिकबिनाका घरायसी तथा स्याहार-सुसारको काम ।

यो अध्ययनले प्रत्येक समूहभित्रका कामबाटहुने सेवाको जम्मा बजार मूल्य कति हुन्छ र त्यसमा महिला, बालबालिकाको समय योगदान कति हुन्छ भनेर त्यसको हिसाबसहित, घरको समग्र प्रत्यक्ष तथा अप्रत्यक्ष आम्दानीमा महिला तथा वालिकाको योगदान कतिहुन्छ भन्ने तथ्याङ्क उदाहरणका रूपमा प्रस्तुत गरेको थियो ।

त्यस्तै, डा. मीना आचार्यले सर्वाङ्गीण अध्ययन केन्द्रअन्तर्गत युएन इन्स्ट्रका लागि गरेको, बेइजिङ सम्मेलनमा प्रस्तुत गरेको र पछि युएन इन्स्ट्रको प्रतिवेदनमा प्रकाशित कार्यपत्रले पनि यस मुद्दालाई उठाएको थियो । यस अध्ययनमा १९८४-८५ मा नेपाल राष्ट्र बैंकले गरेको राष्ट्रिय पारिवारिक बजेट सर्भेक्षणले देखाएको समय उपयोग र घरपरिवारको सम्पूर्ण क्रियाकलापबाट घरायसी अर्थ-व्यवस्थामा उत्पादित वस्तु र सेवालाई स्थानीय बजारको मूल्यमा मूल्याङ्कन गरी तथ्याङ्क निकाल्ने तरिकासमेत प्रस्तुत गरिएको थियो (आचार्य, सन् १९९६) । यी अध्ययनहरू प्राज्ञिकस्तरमा थिए र यसका आधारमा राष्ट्रिय योजनार नेपालका जनगणनाहरू, जीवनस्तर सर्भेक्षणहरू र श्रम सर्भेक्षणहरूमा कामको परिभाषामा परिवर्तन ल्याउन केन्द्रित थिए । परिणामस्वरूप २०४८ देखि नेपालका जनगणनाहरू, आर्थिक सर्भेक्षणहरू र श्रम सर्भेक्षणहरूमा आर्थिक रूपमा सक्रिय जनसंख्याको परिभाषामा र गणना प्रक्रियामा धेरै सुधार भए । तर घरायसी काम, जस्तो- घरमा भात पकाउने, भाँडा माझ्ने, सरसफाइ तथा बालबच्चा, बृद्ध-बृद्धाहरूको सेवा-शुश्रूषाको कामको परिभाषामा भने खास परिवर्तन हुन सकेन ।

त्यसपछि पनि आचार्यले अति महत्वकासाथ निरन्तर रूपमा उठाउने गर्दै आएको यो विषयलैङ्गिक अध्ययन-अध्यापनको माध्ययमबाट विद्यार्थी तथा प्राज्ञहरूमाझ पनि छलफलको विषय बन्न थालेको छ ।

तरपनि यस विषयमा जनचेतनामा परिवर्तन ल्याउनेतर्फ भने खास प्रयास हुन सकेको थिएन र यी अध्ययनहरूले पारिश्रमिकबिनाको सेवामूलक कार्यलाई केन्द्रबिन्दुमा राखेका पनि थिएनन् । यी अध्ययनहरूको प्रयास पहिलो चरणमा परिभाषागत रूपमा आर्थिक कामको परिभाषामा पर्नुपर्ने थियो तर नेपालको सन्दर्भमा पर्न नसकेका कामहरूमा मात्र रह्यो ।

अझैसम्म घरायसी तथा सेवामूलक अवैतनिक काम राज्य तथा राजनीतिक पार्टीमा महत्वपूर्ण विषयका रूपमा मूलधारमा आउन सकेको छैन । जसरी अन्य विषयहरू, जस्तो- लैङ्गिक हिंसा, सम्पत्तिमा समान अधिकार, आमाको नाममा नागरिकता, राजनीतिमा समान अवसर, शिक्षा तथा स्वास्थ्यमा समान पहुँच आदिमा खुलेर छलफल तथा बहस हुने गरेको छ, त्यसरी नै यो विषयमा अझसम्म पनि सार्वजनिक छलफल हुन नसक्नुले महिलाको महत्वपूर्ण आर्थिक योगदान अदृश्य नै रहेको छ र महिलाले आफूमा अन्तर्निहित प्रतिभा प्रस्फुट्न गर्ने र व्यक्तित्व विकास गर्ने अवसर पाएका छैनन् ।

सन् २०११ मा आएरएक्सनएड इन्टरन्यासनल संस्थाले केन्याको नैरोबीमा 'पारिश्रमिकबिनाको सेवामूलक कार्य' विषयमा एउटा कार्यशाला गोष्ठीको आयोजना गर्‍यो । त्यस सम्मेलनको मुख्य उद्देश्य महिलाको कामलाई पहिचान गरीत्यसको मूल्याङ्कन र पुनर्वितरण कसरी गराउने भन्ने थियो । यसपछि एक्सनएडले नेपालसहित चारवटा देशमा जनस्तरमै यस विषयलाई बोध गराउने कार्यक्रम थाल्यो ।

यो संस्थाले स्थानीयस्तरमा सहभागितामूलक समय उपयोग तालिका (टाइम डायरी) प्रयोग गरेर दुई जिल्ला, तेह्रथुम र सर्लाही, का २०० महिला सहभागीलाई आफूले पारिश्रमिकबिनाको सेवामूलक काममा प्रयोग गरेको समय र शक्तिको समग्र तथ्याङ्कलिखत राख्न लगायो । यो तरिका अपनाउँदा महिलाहरूले आफूले धेरै समय घरायसी काममा बिताउने, पुरुषभन्दा कम सुत्नेलगायत पारिश्रमिकबिनाको सेवामूलक काममा जतिकै खेतीपातीको काममा पनि अत्याधिक सहभागी भएको बोधगरे । साथै, आफू पनि पारिश्रमिकसहितको काम गरी आर्थिक

स्वतन्त्रता प्राप्त गर्न इच्छुक रहेको मनसायमा पुगेको उनीहरूले बताएका थिए।[3] यसै बीच अर्को संस्था, हेल्भेटास स्विस इन्टरकोअपरेसनले पनि पारिश्रमिकबिनाको सेवामूलक कामलाई आफ्नो कार्य क्षेत्रभित्र समेटी त्यसको आँकलन गर्दै विकास कार्यक्रममा पारिश्रमिकबिनाको सेवामूलक कामलाई संम्बोधन गर्ने विभिन्न उपायहरू एउटा प्रकाशनमा पस्केको छ (हेल्भेटास, सन् २०१७) ।

अस्मिता महिला प्रकाशन गृह, स्रोत तथा सञ्चार संस्थाले पनि महिलाको आर्थिक सशक्तीकरणबिना राज्यको दिगो विकास सम्भव नभएको र महिला सशक्तीकरण र लैङ्गिक समानताका लागि तथा सबै महिलाले प्राप्त अधिकारको उपभोग र अनुभूति गर्नसक्ने स्थिति ल्याउन, यस विषयको महत्व बुझेर यस विषयलाई छलफलको दायरामा ल्याउने प्रयास थालेको हो । यस संस्थाले २०६९ साल पुसमा धुलिखेलमा एक कार्यशाला गोष्ठीको आयोजना गरी विज्ञ र अधिकारकर्मीहरूबीच महिलाको पारिश्रमिकबिनाको सेवामूलक कार्यसहित अन्य विषयमा बृहत् छलफल गरायो । त्यसै गरी वि.स. २०७० असोज १५ र १६ मा 'शक्ति, रूपान्तरण र पहिचानका लागि महिला सम्मेलन'को आयोजना गरियो । यस सम्मेलनमा मीना आचार्यद्वारा "पारिश्रमिकबिनाको सेवामूलक काम र महिला" नामक कार्यपत्र प्रस्तुत भई छलफल भयो । उक्त गोष्ठीमै आधारित भएर "रूपान्तरणमा महिला" नामक पुस्तक प्रकाशन गरियो। अहिले यो पुस्तक त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालित जेन्डर स्टडिजको स्नातकोत्तर पाठ्यक्रममा समावेश भई उच्च अध्ययनको विषय बनेको छ ।

अस्मिता सस्थाले महिलाको यस महत्वपूर्ण मुद्दालाई निरन्तर रूपमा उठाउन र नीति निर्माण तहसम्म पुऱ्याउनका निम्ति वि.सं. २०१७ डिसेम्बरमा काठमाडौंमा एउटा राष्ट्रिय महिला सम्मेलनको आयोजना गऱ्यो । यसले हामीबीच यस मुद्दालाई सम्बोधन गर्नका लागि हाम्रो मुख्य माग के के हुनुपर्छ भन्ने कुरामा निश्चितता ल्याएको छ । यही विषयमा केन्द्रित रहेर यो पुस्तक प्रकाशित गरिएको छ । विगत केही समयदेखि यस विषयमा विभिन्न अध्ययन, अनुसन्धान भई लेखहरू प्रकाशित

[3]यस अध्ययनका विभिन्न पक्षहरु Making care visible भन्ने प्रतिवेदनमा पाइन्छ ।

हुने गरेका छन् तर यसरी एउटै पुस्तकमा यसका विभिन्न आयामहरूलाई विस्तृत रूपमा केलाएर समेटिएको भने यो नै पहिलो हो ।

## पुस्तकको रूपरेखा

यस पुस्तकमा यो परिचयात्मकसहित आठ अध्याय छन् । पुस्तकमा प्रस्तुत सबैजसो लेखले पारिश्रमिकबिनाको सेवामूलक कामसम्बन्धी विभिन्न पक्षलाई विस्तृत रूपमा केलाउँदै महिला सशक्तीकरण र लैङ्गिक समानताको बाटोमा रहेको यस पारिश्रमिकबिनाको कामको बलियो तगारोलाई हटाउन परिवार, समुदाय र राज्यले के कस्ता कार्यक्रम ल्याउनुपर्छ भन्ने विचारलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गरेको छ ।

निष्कर्षमा,महिलाको सबैभन्दा बढी संलग्नता रहने पारिश्रमिकबिनाको सेवामूलक कार्यको सही पहिचान र प्रभावकारी विश्लेषण गरी राष्ट्रिय तथ्याङ्क गणना पद्दतिमा समावेश गराइनुपर्छ र कुल गार्हस्थ उत्पादनमा उनीहरूको योगदानको कदर हुनुपर्दछ भन्ने राय सबै लेखले प्रस्तुत गरेका छन् । लेखहरूमा नयाँ नेपाल निर्माणमा महिलाको महत्वपूर्ण तथा सक्रिय सहभागिताका लागि राज्यले यस विषयलाई सम्बोधन गर्नविशेष नीति तथा उपाय ल्याउनु जरुरी छभन्दै त्यसको कार्यान्वयन पक्षलाई जोड दिनुपर्ने आवश्यकतालाई प्रस्ट पारिएको छ ।

सबैजसो लेखले समाजमा लैङ्गिक विभेदकारी कार्य विभाजनका कारण महिला र पुरुषमा असमान शक्ति बाँडफाँड भएको छजसको असर महिलाको व्यक्तित्व विकास र सशक्तीकरण प्रक्रिया र अन्तत्वगत्ता विकास प्रक्रियामानै पर्न गएको कुरा उठाएका छन् । महिलाले आफ्ना सम्पूर्ण अधिकारनै उपभोग गर्न सकेका छैनन् । यस स्थितिमा परिवर्तन ल्याउन व्यक्ति, परिवार, समाज, नीजि संघ-सस्था, नागरिक समाज तथा राज्यको भरपूर प्रयास आवश्यक छ । धेरै नभए पनि यसका लागि विभिन्न संस्थाहरूले विशेष गरेर समय विनियोजन डायरी, न्यापिड केयर एसेसमेन्ट, फोकस ग्रुप डिस्कसन, अन्तर्वार्ता जस्ता विभिन्न तरिकाले आफूलेकाम गरिरहेको समुदायमा यस विषयमा चेतना जगाउने काम निरन्तर गर्नुपर्दछ ।

यस प्रयासमा संलग्न केही अर्न्तराष्ट्रिय संस्थाहरू, जस्तो- एक्सनएड इन्टरन्यासनल, हेल्भेटास स्विस इन्टरकोअपरेसन, अक्सफाम, आइएसएसटी, इन्स्टिच्युट अफ डिभलपमेन्ट स्टडिज, युएनडिपी, तथा राष्ट्रिय तथ्याङ्क विभाग आदिको यस विषयलाई बाहिर ल्याउन र सम्बोधन गर्ने प्रक्रियामा महत्वपूर्ण भूमिका रहँदै आएको छ र आशा छ,यसलाई उनीहरूले निरन्तरता दिने छन् ।

यस विषयको महत्वलाई आत्मसात् गर्दै महिला सशक्तीकरण र लैङ्गिक समानताका लागि नेपालमा २०७० र २०७२ का संविधानले पनि महिलाको पारिश्रमिकबिनाका कामलाई मूल्याङ्कन गरी राष्ट्रिय तथ्याङ्क प्रणालीमा प्रवेश गराउने भन्ने व्यवस्था गरेका छन् ।

नेपालमा महिला अधिकार आन्दोलनले महिलाका अन्य विभिन्न विषयसँगै परिश्रमिकबिनाको सेवामूलक कार्यलाई गहकिलो रूपमा उठाउन सकिरहेको छैन । जबसम्म यो विषय महिला आन्दोलनको प्रमुख मुद्दा बन्दैन, तबसम्म महिलाको बहुमुखी प्रगतिमा आन्दोलनले सोचेको जस्तो सफलताहासिल हुन सक्दैन । त्यसैले, अस्मिता महिला प्रकाशन गृह यस विषयलाई निरन्तरताका साथ अगाडि बढाउने प्रयासमा निरन्तर सक्रिय रहेको छ । आशा गर्दछौँ, यसपुस्तकबाट राज्य, प्रदेश र स्थानीय निकायका विभिन्न नीति-निर्धारकहरूकालागि र समग्र महिला आन्दोलनकालागि भावी मार्ग निर्देशनमा सहयोग हुनेछ ।
यो पुस्तकमा परिचयात्मक अध्यायसमेत प्रस्तुत आठअध्याय पारिश्रमिकबिनाको सेवामूलक कामसम्बन्धी विभिन्न महत्वपूर्णविषयमा केन्द्रित छन् । समग्रमा सबै लेखमा धेरै उपयोगी नीतिगत सुझावहरू प्राप्त भएका छन् ।

योपुस्तक र हालका गोष्ठीहरूमा यस विषयको उठान गर्नुकापछाडि मुख्य दुई उद्देश्य रहेका छन् । पहिलो, सेवामूलक कामको परिभाषाको बुझाइमा स्पष्टता र यस विषयका अभियन्ताहरूको बुझाइमा एकरूपता कायम गर्नु । दोस्रो, यस विषयलाई भावी महिला आन्दोलनको एउटा मूल विषयका रूपमा उठाउन मानव

अधिकारवादी र महिलावादीहरूलाई सहयोगगर्नु । सबै महिलाले आफ्नो अधिकारको वास्तविक रूपमा उपभोग गर्न सक्ने स्थिति ल्याउन, यस विषयको गहनताबारे यस पुस्तकमा समेटिएका लेखहरूले पर्याप्त प्रकाश पारेका छन् । दोस्रो उद्देश्य पूर्तिका लागि हामीले यस विषयलाई वडा-वडासम्म, गाउँ-गाउँसम्म र प्रत्येक परिवारसम्म पुऱ्याएर पारिवारिक, सामुदायिक, राज्य र राष्ट्रियस्तरमा चेतना जगाउन आवश्यक छ । जसतर्फ यो पुस्तक र अबका हाम्रा प्रयासहरू केन्द्रित हुनुपर्ने देखिएको छ । यसतर्फ एक्सनएड, एसिया फाउन्डेसन लगायत केही संघ-संस्थाले थालनी गरेका छन् । उनीहरूले प्रयोग गरेको प्रक्रिया र त्यसबाट भएका उपलब्धिबारे पनि यस पुस्तकमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

**मीरा मिश्रको** लेख**महिलाको पारिश्रमिकबिनाको सेवामूलक कार्य : नेपाली महिला आन्दोलनका लागि चुनौती**मा नारीवादी आन्दोलनमा महिला सशक्तीकरण र लैङ्गिक समानताकालागि यस विषयको महत्व, विषय उठानको इतिहास र आजसम्मका उपलब्धिको विवेचना र भावी कार्यदिशामा केन्द्रित रहेको छ ।

महिला बढी संलग्नहुने पारिश्रमिकबिनाको सेवामूलक काम नारीवादी सवाल हो कि होइन भन्ने विषयलाई अत्यन्त सरल तरिकाबाट केलाएर प्रस्तुतगरिएको छ, जस्तो- यो विषयमा नारीवादीको के बुझाइ छ, यस विषयमा बृहत्छलफलको किन आवश्यकताछ, पितृसत्तात्मक सोचले सेवामूलककामलाई कसरी परिभाषित गर्छ र नारीवादीहरूले यस मुद्दालाई उठाउन किन जरुरी छ आदि प्रश्नको विस्तृत विश्लेषण गरिएको छ ।

नेपालमा यस सवालको उठानका प्रयासहरूको समीक्षा गर्दै महिला सशक्तीकरण तथा लैङ्गिक समानताका साथै सरकारको समग्र विकास नीति तथा कार्यक्रमहरूको सफलताका लागि पनि यस्ता कामको पहिचान, मापन र लेखाजोखा हुनुपर्दछ भन्ने तर्क केही नारीवादी अभियन्ताहरूले अनुसन्धान र तथ्याङ्कगत रूपमा प्रस्तुत गरे पनि अहिलेसम्म नेपालमा यो विषय नारीवादी आन्दोलनको अभिन्न अङ्ग बन्न सकेको छैन भन्ने विचार लेखमा व्यक्त गरिएको छ ।

मिश्रको विचारमा नारीवादी आन्दोलन गाउँ-सहर सबैतिरका महिलाहरूको साझा आन्दोलन हुनुपर्ने भएकोले गर्दा विषयको उठान कसरी गर्ने भन्ने कुरा महत्वका साथै चुनौतीपूर्ण छ । सचेतनाको कमीले समाज र महिलाहरू आफैं पनि प्रत्यक्ष ज्याला नपाउने पारिश्रमिकबिनाको घरायसी काम र परिवारका अन्य सदस्यहरूको सेवालाई महत्वहीन ठान्दछन् । केहीवर्ष यता पारिश्रमिकबिनाको काममा पुरूषहरूको सहभागिता थोरै बढेको देखिए तापनि अझैसम्म यस्ता काम महिलाहरूको जिम्मेवारीमा नै पर्ने भन्ने मानसिकता व्यापक छ र महिलामाथि यस्ता कार्यको बोझ पुरुषको भन्दा कैयौँ गुणा बढी छ । पुरूषहरूले यस्ता कामगर्नै जान्दैनन् भन्ने गलत अवधारणा पितृसत्तावादी परम्पराले थोपरेको सोचको परिणाम हो । महिलाहरूलाई यस्ता काममा बढी संलग्न हुनबाध्य गराइएकाले उनीहरूले यस्ता काममा दक्षता हासिल गरेका हुन । जन्मजात कोही पनि चुल्हो-चौकाको काममा पोख्त हुँदैन । त्यसैले महिला सशक्तीकरण र लैङ्गिक समानताका लागि नारीवादी आन्दोलनले यस सोचमा हस्तक्षेप गर्नै पर्दछ ।

यो विषयलाई कसरी सम्बोधन गर्ने भन्ने बारेमा अत्यन्त विस्तृत छलफल गर्नुका साथै निष्कर्षमा विभिन्न महत्वपूर्ण सुझावहरू १० वटा बुँदामा प्रस्तुत गरिएको छ । त्यसमध्ये नारीवादी आन्दोलनले महिलाका सम्बन्धमा राज्यको नीतिमाथि छलफल चलाउन थाल्नुपर्ने, यस विषयमा केन्द्रित नारीवादी छलफल मञ्च तयार गरी त्यसलाई सबलीकृत तथा दिगो बनाउनुपर्ने, सोच र संस्कृतिमा परिवर्तन ल्याई नीतिगत संरचना सिर्जना गरी घरायसी कामकाज र बृद्ध-बृद्धा, बिरामी तथा बालबच्चाको स्याहार-सुसारमा पुरुष वर्गको संलग्नता हुने अवस्था बनाउनुपर्ने आदि महत्वपूर्ण छन् । महिलाको सेवा कार्यका सम्बन्धमा पढाइ सञ्चालन गर्ने शैक्षिक संस्थाहरूलाई नारीवादीहरूको सहयोग हुनुपर्दछ । अबको नारीवादी पैरवी सबै राजनीतिक दलका प्रमुख ओहदामा महिलाको सशक्त प्रतिनिधित्व गराउनेतर्फ र ओहदामा आसीन महिलाहरूले राज्यले बनाउने सबै नीति तथा कार्यक्रममा महिलाको घरायसी तथा सेवामूलक कार्यको पहिचान, पुनर्विभाजन र न्यूनीकरणतर्फ ध्यान दिनुपर्दछ भन्ने निष्कर्ष पनि लेखले प्रस्तुत गरेको छ ।

**पुष्पा निरौला घिमिरे**को **महिलाको पारिश्रमिकबिनाको सेवामूलक काम र कुल गार्हस्थ्य उत्पादन** विषयक लेखलेयस विषयमा नेपालमा सामान्य मात्र बुझाइ भएको र यस्ता कामको प्रकृति र त्यसमा प्रयोग हुनेगरेको समयबारे सही अर्थमा आँकलन गर्न नसक्दा आर्थिक सशक्तीकरणका कतिपय नीति तथा कार्यक्रमहरूले वास्तविक परिणाम दिन नसकेको कुरालाई इंगित गर्दछ । लेखले यस विषयबारे अर्थशास्त्रीय तथा महिलावादी दृष्टिकोण, कुलगार्हस्थ उत्पादन गणना वा मूल्याङ्कनका सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम संगठन तथा संयुक्त राष्ट्रसंघको पुनः परिभाषित लेखा प्रणाली (सन् १९९३) र नयाँ निर्देशिका (सन् २००८) अनुरूप नेपालका राष्ट्रिय जनगणनाहरू (सन् २००१ र सन् २०११) तथा श्रमशक्ति सर्भेक्षणहरू(सन् १९९८/९९, २००८ तथा २०१४) ले गरेअनुसार उत्पादनशील र अनुत्पादनशील कामहरूको व्याख्या गरेको छ । त्यस्तै, पारिश्रमिकबिनाको सेवामूलक कामको गणना वा मूल्याङ्कनको आवश्यकता किन र कसरी गर्ने भन्ने उल्लेख गर्दै मूल्याङ्न नहुँदा पर्ने प्रभावका साथै गणनामा आउने कठिनाइहरूबारे समेत छलफल गरेको छ । साथै, यस्ता कामहरूको मूल्याङ्कनको सम्बन्धमा समय वा साधन उपयोग विधि र उत्पादन विधिहरूबारे छलफल गर्दै तिनका गुण तथा समस्याहरूको छोटो विश्लेषण पनि गरेको छ ।
यस्ता कामहरूको सही मूल्याङ्कन गरी कुल गार्हस्थ्य उत्पादनमा सादृश्य बनाउन नसक्दासमग्र आर्थिक गतिविधिको एउटा ठूलो पाटोसमेत ओझेलमा परेको र यसमा संलग्न महिलाहरूको ठूलो हिस्सा परनिर्भरको पहिचानमा बाँच्न बाध्य भएको कुरालाई लेखमाऔँल्याइएको छ ।

तसर्थ, पुष्पा निरौला घिमिरेको विचारमा हाल श्रम सर्भेक्षणहरूको सन्दर्भमा प्रयोगमा आइसकेको 'समय उपयोग मापन' पद्धतिलाई व्यापकरूपमा देशकै प्रतिनिधित्व हुनेगरी महिला, पुरुष वा यौन-अल्पसंख्यकहरूले यस्ता घरायसी तथा सेवामूलककाममा खर्चगर्ने समयको यथार्थ तथ्याङ्क सङ्कलनका साथै उपयुक्त विधि छनोट गरी वा आवश्यक परे बहुविधि प्रयोग गरी उक्त समयको मूल्याङ्कन गर्नु जरुरी छ । यसका लागि केन्द्रीय तथ्याङ्क विभागले अन्य सबै सरोकारवाला

निकायहरूसँगको समन्वयमा पहल गर्नुपर्ने आवश्यकतालाई दोहोर्‍याउँदै विभिन्न सुझावहरूलेखमा प्रस्तुत गरिएको छ । साथै, यस विषयमा व्यापक सचेतना कार्यक्रमको आवश्यकताबारे पनि औंल्याइएको छ ।

**मोना शेर्पाद्वारा** लिखित **महिला अधिकार र सशक्तीकरणका लागि पारिश्रमिकबिनाको सेवामूलक कार्यको महत्व** शीर्षक लेखको मुख्य प्रयास पारिश्रमिकबिनाको सेवामूलक कार्यमा महिलाको अत्यधिक संलग्नताको प्रभावले महिलाको जीवन, बृहत् समाज एवम् अर्थतन्त्रमा पनि महत्वपूर्ण असर पारेको छ भन्ने विचार स्थापित गर्नु हो । भूमिका वा श्रमको परम्परागत रूपमा स्थापित तहगत लैङ्गिक विभाजनसम्बन्धी अवधारणा नै समाजमा महिला र पुरुषबीचको असमान शक्ति-सम्बन्धको कारण र प्रभाव दुवै हो जसले महिलाको समग्र सशक्तीकरण र विकासमा अवरोध सिर्जना गर्दै अन्ततः महिलाको अधिकारलाई निषेध गर्दछ भन्ने तर्क पेस गरिएको छ । अतः यस विषयमा व्यक्तिदेखि परिवार, समुदाय, निजी क्षेत्र र राज्यसमेतका विभिन्न तहमा सामूहिक बुझाइमा परिवर्तन र क्रियाशीलताको आवश्यकता पर्दछ ।

यस आलेखले पारिश्रमिकबिनाको सेवामूलक कार्यसम्बन्धमा नेपालको वर्तमान अवस्था र बुझाइलाई प्रतिबिम्बित गर्दै प्रमुख धारणाहरू तथा महिलाहरूका सूक्ष्म अनुभवहरूलाई प्रस्तुत गरेको छ । लेखका तीन मुख्य भाग छन् जसले निम्नअनुसार व्याख्या गर्दछन्: १) सेवासम्बन्धी जिम्मेवारीको महिलाकरणले कसरी परिवार, समुदाय,श्रम बजार, राज्य र विकास संस्थाहरूका मान्यता र मूल्यहरूलाई प्रभाव पारेको छ, २) पारिश्रमिकबिनाको सेवामूलक कार्यको महिलामाथिको बोझको निरन्तरताले उनलाई विभिन्न जीवनोपयोगी अवसरहरूको पहुँचमा कसरी अवरोध पुर्‍याएको छ; र ३) कसरी उनलाई मानव अधिकारको उपभोग गर्नबाट वञ्चित गरेको छ ।

लेखमा सेवाजन्य अर्थतन्त्रमा महिलाको संलग्नताको परिमाणलाई ध्यानमा राख्दै केही आधारभूत प्रश्नहरू उठाइएका छन्, जस्तै- वास्तविक परिवारपालक (ब्रेड-

विनर) को हो र महिलाहरूको सेवा कसले गर्छ जबकि उनीहरू सम्पूर्ण परिवार, समाज र राज्यको सेवा गरिरहेका हुन्छन् ।

लेखले नेपालमा यो सवालसम्बन्धी त्यस्तो गम्भीर र बृहत्स्तरको अध्ययनको गहन आवश्यकतालाई पनि औँलयाएको छ जसले महिलाका व्यवहारिक अप्ठ्याराहरूको सम्बोधनका साथै यस मुद्दालाई सम्बोधन गर्न आवश्यक नीति निर्माणमा सहयोग गर्न सक्ने व्यवहारिक निर्देशिकाको समेत काम गर्न सकोस् । आलेखको अन्त्यमा, लेखकले महिलाको मानव अधिकार र समानता सुनिश्चित गर्न सामूहिक प्रयासको आव्हान गरेकी छन् ।

**पारिश्रमिकबिनाको सेवामूलक कार्य र दिगो विकासको लक्ष्य** शीर्षकअन्तर्गत **शान्तालक्ष्मी श्रेष्ठ**को लेखमा लिङ्गको आधारमा कामको बाँडफाँडमा चरम विभेद हुनाले महिलाहरूको मानव अधिकारको हनन भएको, विश्वमा नै औसतरूपमा पुरुषभन्दा महिलाले तीन दोब्बर पारिश्रमिकबिनाको सेवामूलक काम गर्ने गरेको र नेपालमा पनि महिलाहरू यस्ताकाममा अत्याधिक संलग्न रहँदै आएको तथ्यहरू प्रस्तुत गरिएको छ ।

घरायसी कामको अत्याधिक बोझका कारण महिलाहरू अन्य क्षमता विकास गर्ने, राजनीतिक, आर्थिक, सामाजिक आदि काम र कार्यक्रमहरूमा सहभागी हुन सक्दैनन् र यसको प्रत्यक्ष प्रभाव दिगो विकासको लक्ष्यमा पर्ने कुरालाई आत्मसात् गर्दै, दिगो विकासका एजेन्डा र कार्यक्रममा यस विषयलाई महत्वपूर्ण रूपमा उठाइएको कुरा लेखले गरेको छ । दिगो विकास एजेन्डाको ५औँ लक्ष्य 'लैङ्गिक समानता, महिला र बालिकाहरूको सशक्तीकरण सन्२०३० सम्ममा हासिल गर्ने' भन्ने लक्ष्यको चौथो उद्देश्य 'पारिश्रमिकबिनाका स्याहार र घरायसी कामलाई महत्व र पहिचान दिने'रहेको कुरा र यस उद्देश्य प्राप्तिका लागि अन्तर्राष्ट्रिय र राष्ट्रिय सूचकहरूसमेत निर्धारण भैसकेको कुरा यस लेखमा गरिएको छ ।

यो लेखले महिलाहरूको आर्थिक सशक्तीकरणसँग पारिश्रमिकबिनाको सेवामूलक कामको बोझको घनिष्ठ सम्बन्ध, दिगो विकास लक्ष्यले यस मुद्दालाई सम्बोधन गर्न अगाडि सारेका उपायहरू, दिगो विकास लक्ष्य, स्थानीयकरण प्रक्रियामा सन् २०१७ सम्ममा भएको प्रगतिको समेत संक्षिप्त समीक्षा गर्दै नेपालमा महिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरणका लागि यो मुद्दाको सही तरिकाले तत्काल सम्बोधन हुनुपर्ने कुरा औँल्याएकोछ ।

महिलाहरूको सर्वतोमुखी सशक्तीकरणको उद्देश्य प्राप्तिका लागि 'तीन आर मार्ग'-पहिचान, न्यूनीकरण र पुनर्वितरण-के, किन र कसरी गर्ने भन्ने कुराको व्याख्या यस लेखमा गरिएको छ । तर तीनआरले नपुग्ने र थप'दुई आर मार्ग'-पुनर्परिभाषित र पुनर्शिक्षित- पनि थप्नुपर्ने विचार व्यक्त गर्दै ती मार्गहरू अवलम्बन गर्न पाँच बुँदे सुझावहरू समेत लेखले प्रस्तुत गरेको छ ।

सुझावमा पारिश्रमिकबिनाको सेवामूलक कार्यलाई नेपालको दिगो विकास लक्ष्यको सन्दर्भमा महिलाहरूका बीचमा बृहत् छलफल गरी यस मुद्दालाई हरेक तह र क्षेत्रमा सम्बोधन गर्न रणनीतिक योजना नै बनाउनुपर्ने, सबै विकास कार्यक्रमको निर्माण तथा कार्यान्वयनमा अर्थोपार्जनको नाममा महिलाहरूमाथि भारमाथि भार थप्न नहुने र उनीहरूको मात्र जिम्मेवारी ठानिने पारिश्रमिकबिनाको सेवामूलक कामको भार न्यूनीकरण र पुनर्वितरणतर्फ ध्यान दिइनुपर्ने कुरामा लेखले जोड दिएको छ ।

अन्त्यमा, लेखकलेदिगो विकासको एजेन्डा 'रूपान्तरित विश्वको निर्माणमा' रूपान्तरित कार्यविभाजनमा सबैलाई सहभागी बन्न र सन् २०३० सम्ममा लैङ्गिक समानता हासिल गर्ने लक्ष्य प्राप्तिमा सबैलाई सम्मिलित हुन आव्हान गर्नुभएको छ ।

**लिली थापा**को**पारिश्रमिकबिनाको सेवामूलक काम र एकल महिला** विषयक लेखले जातीय, सामाजिक, आर्थिक, साँस्कृतिक तथा धार्मिक हिंसाबाट त्यसैपनि बढी पीडित हुनेएकल महिलाहरूमाथि पारिश्रमिकबिनाको सेवामूलक कामको असर र

बोझ अन्य महिलाको तुलनामा बढी रहने तथ्यलाई उजागर गर्ने प्रयास गरेकोछ । पुरुषको सहयोगबिना एक्लै पारिवारिक जिम्मेवारी वहन गर्नुपरेका महिलाहरूको आर्थिक अवस्था धेरै कमजोर हुनुका साथै उनीहरू चरम गरिबीले पनि पीडित हुन्छन् । २१औं शताब्दीको अन्त्यतिर आइपुग्दा पनि १९औँ शताब्दीमा जस्तो विभिन्न कुरीति र कुसंस्कारको असरबाट उनीहरू प्रताडित नै रहेको देखिन्छ ।

सम्पूर्ण पारिश्रमिकबिनाको घरायसी र सेवा-शुश्रूषाको काम उनीहरू माथिनै थोपरिएको हुन्छ भन्ने कुरा उदाहरणहरूसहित प्रस्तुत गरिएको छ । न्यायमा उनीहरूको न्यून पहुँच रहेका कारणले गर्दा उनीहरूले यस्ता अत्याचारका विरुद्ध आवाज उठाउँदा उनीहरू झन् बढी बहिष्कार र हिंसाको सिकार हुने गर्दछन् ।

वि.सं. २०५८ को राष्ट्रिय जनगणनाले नेपालमा ६ प्रतिशत महिलाहरू एकल रहेको र तीमध्ये ८२ प्रतिशत निरक्षर रहेको देखाएको छ । यस्तो ठुलो निरक्षर जमातमा भएका एकल महिलाहरू बाँच्नकै लागि अनौपचारिक अथवा कुनै पारिश्रमिकबिनाको काम गर्न बाध्य छन्, जसले गर्दा एकल महिलाहरू मात्र नभई उनीहरूले हुर्काउने बालबच्चाहरूको भविष्यमा पनि नराम्रो असर परेको तथ्यलाई लेखले प्रस्ट पारेको छ ।

त्यसमा पनि द्वन्द्वको बेला र प्राकृतिक प्रकोपका समयमा श्रीमान् गुमाएर एकल हुन बाध्य महिलाहरू झनै बढी घरायसी, आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक विभेदको सिकार हुने गरेको देखिन्छ । उनीहरूमाथि परिवारप्रतिको जिम्मेवारी त छँदैछ तर सामाजिक र आर्थिक उत्तरदायित्व पनि त्यत्तिकै पर्दछ । यस परिवेशमा उनीहरूले आफ्नो हेरचार गर्नै पाउँदैनन् जसको फलस्वरूप उनीहरूको स्वास्थ्य पनि कमजोर हुन्छ । त्यसैले कतिपय महिला मानसिक रूपमा पनि विक्षिप्त भएका छन् । यसको प्रभाव समग्र राष्ट्रको आर्थिक विकाससँग जोडिएको हुनाले उनीहरूको पारिश्रमिकबिनाको सेवामूलक कामका विषयमा बृहत् छलफल हुन अत्यन्त जरुरी छ भन्ने विचार लेखमा व्यक्त भएको छ ।

यस्तो अवस्थामा राज्यले नै बढी संवेदनशील भएर उनीहरूका लागि विशेष नीति तथा कार्यक्रम ल्याउनुपर्ने विचार लेखमा व्यक्त गरिएको छ । यस्ता कार्यक्रमले सुरक्षित बासस्थान, शैक्षिक तथा आर्थिक अवस्था कमजोर भएकाहरूलाई शैक्षिक अवसर र आर्थिक उपार्जनको व्यवस्था आदि समेटिनु पर्नेमा जोड दिइएको छ । साथै, एकल महिलाको शिक्षा तथा गुणात्मक सीपको विकास गरी आफ्नो आवश्यकता आफैँ पूरा गर्न सक्षम हुनसक्ने बनाउनुपर्दछ भन्ने कुरातर्फ ध्यानाकर्षण गरिएको छ ।

एकलसहित सबै महिलाहरूको कामलाई सहज बनाउन स्वच्छ पिउने पानी, सस्तो इन्धन, बिजुली वा कुनै अन्य यन्त्रहरूको सहज पहुँच हुने खालका प्रविधिको व्यवस्था गरेर उनीहरूको अधिकतम समय बचत हुने स्थितिको सिर्जना, शिशु-स्याहार केन्द्रको स्थापना, सुत्केरी विदा, कार्यस्थलमा सुरक्षा तथा सम्मान, सामाजिक सुरक्षा र स्वास्थ्य बीमाका साथै महिलाहरूले अनौपचारिक क्षेत्रमा गर्ने कामलाई संगठित तवरले औपचारिक काममा बदल्ने नीति ल्याउनुपर्ने पनि लेखमा उल्लेख छ ।

सरीता श्रेष्ठ र शान्ता भण्डारीद्वारा प्रस्तुत **बढ्दो वैदेशिक रोजगारीमा पुरुष र पारिश्रमिकबिनाको सेसवामूलक कार्यमा महिला**विषयक लेखमा पुरुषको वैदेशिक रोजगारीले महिलाको पारिश्रमिकबिनाको सेवामूलक कार्यका साथै समग्र जीवनमा पारेको सकारात्मक-नकारात्मक दुवै पक्षलाई केलाइएको छ । पुरुष र महिला दुवैमा बिदेसिने क्रम भए पनि यो प्रवृत्ति पुरुषमा अत्यधिक छ । विप्रेषण रकम (रेमिट्यान्स) ले महिलाको जीवन शैलीमा सकारात्मक परिवर्तन ल्याउनुका साथै सार्वजनिक गतिविधिमा उनीहरूको केही संलग्नता बढाएको छ । यसले अघि बढ्न खोज्ने महिलाहरूलाई अवसर पनि प्रदान गरेको छ । तर बाह्य गतिविधिमा संलग्न हुन थालेसँगैमहिलाहरूमा परिवार र समाजप्रतिको उत्तरदायित्व अझै थपिएको छ । परिवारका बिदेसिएका पुरुषको समेत काम सम्हाल्नुपर्ने र थप अन्य सामाजिक गतिविधिहरू पनि निर्वाह गर्नुपर्दा उनीहरूमा कामको अध्यधिक बोझ पर्न जान्छ । उनीहरू विभिन्न प्रकारका हिंसाको सिकार हुँदैछन । कतिपय पुरुष श्रमिकहरूले

भित्राएका यौनजन्य रोगहरूका कारण कैयौँ परिवार प्रभावित भएका छन् । तसर्थ, राज्य र सम्बन्धित निकायहरूले नकारात्मक असरलाई न्यूनीकरण गर्दै सकारात्मक पक्षलाई महिलाको सशक्तीकरण प्रक्रियामा ल्याउन नीति तथा कार्यक्रमको सिर्जना गर्नुपर्ने आवश्यकतालाई लेखमा जोड दिइएको छ ।

लेखमा पुरुषहरू वैदेशिक रोजगारीमा जाँदा महिलामाथि पर्न गएको पारिश्रमिकबिनाको सेवामूलक कार्यको बोझसमेत अन्य असरहरूलाई सम्बोधनका लागि आवश्यक योजना बनाउन र भएका योजनाहरूको कार्यान्वयन पक्षलाई तदारुकताका साथ अघि बढाउन विभिन्न सुझावहरू प्रस्तुत गरिएका छन् । समयको उपयोग विधि अपनाई उनीहरूको सम्पूर्ण गतिविधिका बारेमा सूचना संकलन गर्नुपर्ने, आर्थिक, मानसिक तथा सामाजिक सशक्तीकरणका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने, सर्वसुलभ शिशु-स्याहार तथा बृद्ध-बृद्धा-स्याहार केन्द्रको स्थापना गर्ने, महिलामाथिका विभिन्न हिंसा रोक्नका लागि थप अनुसन्धान गरी रणनीतिक योजनाहरू बनाई वकालत गर्ने आदि केही प्रमुख सुझावहरू छन् ।

अन्त्यमा**नीरा श्रेष्ठ र बिन्दु पोखरेल**द्वारा संयुक्त रूपमा लिखित**पारिश्रमिकबिनाको सेवामूलक कार्यमा सीमित महिलाको आर्थिक-सामाजिक सुरक्षाको सवाल** विषयकलेख पनि अन्यलेखहरू जस्तै यस्ता काम र त्यसको बोझबाट महिलाको बहुमुखी प्रगतिमा खडागरेको अवरोध आदिको छोटो विवेचनाबाट सुरु गरिएको छ । लेखमापारिश्रमिकबिनाको सेवामूलक कामलाई व्यवस्थित गर्न घरपरिवार, बजार, नागरिक समाज आदि सबैको महत्वपूर्ण भूमिका रहन्छ भने राज्यको विशेष दायित्व हुन्छ भनेर देखाउने प्रयास गरिएको छ ।

लेखमा देश र समाजको परिवेशअनुसार यी संस्थाहरूको भूमिका पनि फरक हुनेरत्यसैले नेपाली समाजको परिवेशमा राज्यका दायित्व के के हुन्, राज्यले लगाउने प्रत्येक कर तथा अन्य नीतिको पारिश्रमिकबिनाको सेवामूलक काममा कस्तो प्रभाव पर्दछ र यस्ता कामको घरपरिवार, समुदाय र राज्यका बीच बाँडफाँडमा कस्तो असर पर्दछ, महिलामा यस्ता कामको बोझ घटाउन राज्यले

कस्ता नीति अपनाउनुपर्ने आदि विषयमा गहन अध्ययन हुनुपर्ने विचार व्यक्त गरिएको छ ।

लेखकद्वयले यो विषयलाई राष्ट्रिय मुद्दाकारूपमा उठाउने र राजनीतिक विषयका रूपमा औँल्याउने उत्तरदायित्व सबै प्राज्ञिक व्यक्तित्व, अधिकारकर्मी, योजनाविद्, सरकारका प्रतिनिधि तथा सरोकारवालाहरूको हो भन्दै नीतिगत सुझावहरू प्रस्तुत गर्नुभएको छ ।यस्ता नीतिहरूका सम्बन्धमा केही उदाहरणसमेत दिइएको छ, जस्तो- पारिश्रमिकबिनाको सेवामूलक कामको मापन र पहिचान, न्यूनीकरण र पुनर्वितरणलाई विकास एजेन्डाको एउटा मुख्य नीतिकारूपमा अपनाउने, सबैलैङ्गिक मूलप्रवाहीकरण कार्यक्रममा महिलाहरूले गर्ने पारिश्रमिकबिनाको सेवामूलक कामसँग सम्बन्धित नीतिहरूमा विशेष रूपमा ध्यान दिने, घरायसी कामका लागि खर्चिने समय कम गर्न समय बचत हुने नेपालको सन्दर्भमा उपयुक्त प्रविधिको छनोट, आविष्कार र त्यसको उपयोगको प्रवर्धन गर्ने, आवश्यकताअनुरूप पुरुषलाई पनि सुत्केरी बिदा दिने र बाबु हुन लागेकातथा भर्खरै बाबु भएका पुरुषहरूलाई कसरी बच्चा स्याहार गर्ने भन्ने बारेमा तालिमको व्यवस्था गर्ने, प्राथमिक तहका कक्षाको पुस्तकदेखिनै घरायसी काम भनेको घरका सबै व्यक्तिहरूको दायित्व हो भनेर बोध गराउने किसिमका तस्बिर तथा उदाहरणहरू राख्ने, सबैले मिलेर घरको काम गरिरहेको देखाउने (जस्तो- आमाले खाना पकाउनु हुँदा बुबाले भाँडा सफा गर्नुहुन्छ इत्यादि दिने), विश्वविद्यालयस्तरमा महिलाको मात्र विषय भनी पढाइ हुने गृह विज्ञान, नर्सिङजस्ता विषयमा महिला, पुरुष दुवैलाई पढ्न दिने, कुनै पनि विषयलाई यो महिलालाई मात्र वा पुरुषलाई मात्र भनेर नछुट्टाउने, सेवामूलक कामलाई राजनीतिक मुद्दाकारूपमा उठाई बृहत्रूपमा छलफल गर्ने र गराउने, आदि आदि ।

यसका साथै प्रत्यक्ष पारिश्रमिक नआउने घरायसी र सेवामूलक काममा मात्र सीमित महिलाका लागि राज्यले सामाजिक सुरक्षाको व्यवस्था गर्नुपर्ने पनि लेखको राय छ । यस्तो व्यवस्था परिवारबाट पनि थालनी गर्न सकिन्छ, जस्तो- घरमा पारिश्रमिकबिनाको सेवामूलक कार्य गर्ने महिलालाई घरबाहिर नगद तलब वा

ज्याला पाउने काम गर्ने सदस्यहरूले आफ्नो तलब वा ज्यालाको केही प्रतिशत प्रदान गर्नुपर्ने व्यवस्था बसाल्ने तथा त्यसमा राज्यले पनि केही थप (कर्मचारीलाई सञ्चय कोषको व्यवस्था गरे जस्तै) गरेर घरायसी काममा मात्र सीमित महिलाहरूको सामाजिक सुरक्षाको व्यवस्था गर्न सकिन्छ ।

## सन्दर्भ-सामग्री


- आचार्य, डा. मीना (सन् २०१४), "पारिश्रमिकबिनाको सेवामूलक काम र महिला", *रूपान्तरणमा महिला,* काठमाडौं : अस्मिता महिला प्रकाशन गृह, संचार तथा स्रोत संस्था ।

- Acharya, Meena and Bennett Lynn. 1981. *The Rural Women of Nepal: An Aggregate Analysis and Summary of Eight Village Case Studies,* published as Vol. 2, Part 9, of Status of Women in Nepal, by Centre for Economic Development and Administration. Tribhuvan University. Kathmandu. Nepal.
- Acharya, Meena. 1996."Measurement of Contributions of Women and Men to National Accounts" in Valuation of Household Production and Satellite Accounts. UN INSTRAW. Santo Domingo. Domincan Republic.
- ActionAid. 2011. *Making Care Visible.* http://www.actionaid.org/publications/making-care-visible
- HELVETAS. 2017. *Unpaid Care Work: Practical Guidance on Analysis and Intervention Design.*https://assets.helvetas.org/downloads/unpaid_care_work_practical_guidance_on_analysis_and_intervention_design.pdf
- NPC. 2017. *Nepal Sustainable Development Goals: Status and Roadmaps 2016-2030.* Government of Nepal, National Planning Commission. Kathmandu. Nepal.
- Sahavagi, Didibahini and Feminist Dalit Organization. 2015. *Progress of Women in Nepal (1995-2015). Substantive Equality: Non-negotiable.* Supported by UN Women Nepal.
- Sustainable Development Goals, 17 Goals to Transform Our World, United Nations Organizations.
- https://www.cfr.org/blog/unpaid-care-work-overlooked-barrier-female-labor-force-participation, *October 24, 2016, from* Women Around the World *and* Women and Foreign Policy Program